# *निर्णय नं. ७०३२ - वेरीतको आदेश वदर गराई पाउँ*

भाग: **४३** साल: **२०५८** महिना: **पौस** अंक: **९**
फैसला मिति :२०५८/०४/२५ १३६१

## *निर्णय नं. ७०३२ ने.का.प. २०५७, अङ्क ९,१०*

## *पूर्ण इजलास*
## *माननीय न्यायाधीश श्री केदानाथ उपाध्याय*

माननीय न्यायाधीश श्री केदार नाथ आचार्य

माननीय न्यायाधीश श्री राजेन्द्रराज नाख्वा

संवत् २०५८ सालको निवेदन नं. ..१

आदेश मितिः २०५८।४।२५।५

विषयः वेरीतको आदेश वदर गराई पाउँ।

निवेदक : हेमन्त शम्शेर ज. व. रा.

विरुद्ध

विपक्षी : सुर्यकुमारी पाण्डे

मुद्दाः लिखत वदर।

§ ***मुलुकी ऐन अ. वं. ६२ (३) ले म्याद तारेखमा हाजिर हुनुपर्ने व्यक्ति मरी निजको दैयादारले म्याद तारेख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भई निवेदन पत्र दिएमा म्याद तारेख थामी दिई मुद्दा सकार गराई दिनु पर्ने व्यवस्था गरेको र सो व्यवस्था अन्तर्गत मुद्दा सकार गर्न चाहने व्यक्तिले आफै उपस्थित हुनुपर्ने, कानून बमोजिम प्रतिनिधित्व गराउन आफ्नो प्रतिनिधि वारेस मार्फत उपस्थित हुन नपाउने वन्देज लगाएको देखिदैन । अ. वं. ६५ (२) बमोजिम प्रस्तुत मुद्दा देवानी भुद्दा भई वारेस द्वारा प्रतिनिधित्व हुन सक्ने अवस्थाको देखिएको र अदालतले त्यस्तो मुद्दामा वारेसद्वारा प्रतिनिधित्व हुन नसक्ने भन्न कानूनसंगत नहुने ।***

(प्र. नं. ३)

निवेदक तर्फबाट :

विपक्षी तर्फबाट :

अवलम्वित नजिरः

आदेश

यसमा सम्माननीय प्रधान न्यायाधीशज्यूको २०५८।४।२२ को आदेश बमोजिम प्रस्तुत निवेदन यस अदालतको सह रजिष्ट्ररको दरपिठ आदेश र त्यस सम्बन्धमा एक न्यायाधीशको इजलासका माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीज्यूको आदेश सहित यस इजलासको विचारार्थ पेश भएको देखिन्छ।

२. वादी मनोरमा राणा प्र. सूर्यकुमारी पाण्डे समेत भएको लिखत वदर मुद्दामा मनोरमा राणाको मृत्यु भई निजका छोरा हेमन्त शम्शेर राणाले कृष्ण प्रसाद देवकोटालाई वारेस दिई निज वारेस मार्फत मुद्दा सकार गरी पाउँ भनी म्याद भित्र निवेदन दर्ता गर्न ल्याएकोमा यस अदालतका सह रजिष्ट्रले "दैयादारले मुद्दा सकार गरेपछी मात्र दैयादारलाई वारेस राख्न अधिकार प्रदान हुने हुँदा दैयादारले मुद्दा सकार नगरी वारेसले सकार गर्न मिल्दैन" भनी दरपिठ गरेको देखिन्छ। सो दरपिठा अदेश उपर उजुरी निवेदन सुन्ने एक न्यायाधीशको इजलासबाट मृतक आमाको दैयादारको हैसियदले अ. वं. ६२ (३) नं. अन्तर्गत मुद्दा सकार गर्न पाउने प्रावधान भित्रकै देखिएको भनी सह रजिष्ट्रारबाट भएको मिति २०५८।३।११ को आदेश वदर गरी यस अदालतबाट विभिन्न मितिमा भएका वारेस मार्फत मुद्दा सकार गर्ने सम्बन्धी आदेशहरुमा एकरुपता नदेखिएको भन्ने कारण देखाई एकरुपता कायम गर्नको लागि प्रक्रिया प्रारम्भ गरेको समेत देखिन्छ।

३. मुलुकी ऐन अ. वं. ६२ (३) ले म्याद तारेखमा हाजिर हुनु पर्ने व्यक्ति मरी निजको दैयादारले म्याद तारेख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भई निवेदन पत्र दिएमा म्याद तारेख थामी दिई मुद्दा सकार गराई दिनु पर्ने व्यवस्था गरेको र सो व्यवस्था अन्तर्गत मुद्दा सकार गर्न चहने व्यक्तिले आफै उपस्थित हुनु पर्ने, कानून बमोजिम प्रतिनिधित्व गराउन आफ्नो प्रतिनिधि वारेस मार्फत उपस्थित हुन नपाउने वन्देज लगाएको देखिदैन। अ. वं. ६५ (२) बमोजिम प्रस्तुत मुद्दा देवानी मुद्दा भई वारेस द्वारा प्रतिनिधित्व हुन सक्ने अवस्थाको देखिएको र अदालतले त्यस्तो मुद्दामा वारेस द्वारा प्रतिनिधित्व हुन नसक्ने भन्न कानूनसंगत हुने देखिदैन।

४. वा. पदमबहादुर मानन्धर वि. अतिरिक्त रजिष्ट्रार श्री हिरण्येश्वरमान प्रधान भएको घरबाट उठाई वहाल दिलाई पाउँ भन्ने मुद्दा सम्बन्धी निवेदन नं. ८४ को निवेदन (ने.का.प. २०१८, नि. नं. १३६, भाग ४, पृ. ४०) मा तत्काल प्रचलित मुलुकी ऐन अ. वं. ६९ ले वारेस दिन पाउने मुद्दामा तत्काल प्रचलित अ. वं. २१८ नं. मा वारेसद्वारा मुद्दा सकार गराउन हुदैन भन्ने नदेखिएको भनी वारेसद्वारा मुद्दा सकार गराउने भनी आदेश समेत भई राखेको देखिन्छ। तसर्थ मिति २०५८।४।११ को एक न्यायाधीशको इजलासबाट सम्बत २०५५ सालको दे. पु. नं. ५३२२ को मुद्दा सकार गर्ने सम्बन्धमा परेको २०५४ सालको नि. नं. ५४०४ को निवेदनमा भएको आदेशलाई प्रस्तुत मुद्दाको अवस्था भन्दा पृथक ठहराई यस मुद्दामा सह रजिष्ट्रारबाट भएको मिति २०५८।३।११ को दरपिठ आदेश वदर गरी वारेसनामा लिई कानून बमोजिम मुद्दा सकार गराई कानून बमोजिम गर्नु भनी एक न्यायाधीशको इजलासबाट भएको मिति २०५८।४।११ को आदेश मिलेकौ देखिंदा सोही बमोजिम गर्नु गराउनु।

न्या. केदारनाथ उपाध्याय

न्या. केदारनाथ आचार्य

न्या. राजेन्द्रराज नाख्वां

इति सम्वत २०५८ साल श्रावण २५ गते रोज ५ शुभम् ... ।

# भर्खरै प्रकाशित नजिरहरू

- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  *फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७७-WH-००११*
- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  *फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२*
- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

  *फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७*
- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

  *फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६*
- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

  *फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३*

# धेरै हेरिएका नजिरहरु

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

  *फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८*
- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

  *फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३*
- ***निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)***

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६*
- ***निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)***

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२*
- ***निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)***

  *फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५*